बीमा प्रतिबिम्ब

नेपाली बीमा क्षेत्रको मासिक तथ्यांक संस्करण
वर्ष १ अंक ४ २०८२ असार



आ.व. २०८१/८२ को बीमा व्यवसायका प्रमुख सुचकाङ्क

जीवन बीमाको पहुँच		GDP मा कुल बीमाशुल्कको अनुपात		बीमा घनत्व	
४८.३३%		३.७२%		रू. ७,३३०.२९ प्रतिव्यक्ति	
पुरुष	४९.५६%	जीवन	२.९८%	जीवन	रू. ५,८८९.१६ प्रतिव्यक्ति
महिला	५०.४४%	निर्जीवन	०.७४%	निर्जिवन	रू. १,४४१.१३ प्रतिव्यक्ति

औषत बीमांक रकम (रु. लाखमा)	
जीवन	२.७६
निर्जीवन	३८.५७

कुल बीमाशुल्क संकलन (रु. अर्बमा)	
२२७. १९	
जीवन	१८२.२७
निर्जीवन	४४.९१

प्रदेशगत कुल बीमाशुल्क संकलन (रु. अर्बमा)

नोट: बीमकले आ.व. २०८१/८२ मा मासिकरुपमा पेश गरेको तथ्याङ्कको आधारमा तयार गरेको।

पृष्ठभुमी

बीमा क्षेत्र अर्थतन्त्रको महत्वपूर्ण स्तम्भ हो, जसले वित्तीय सुरक्षाका साथै दीर्घकालीन लगानी र सामाजिक स्थायित्वमा योगदान पुऱ्याउँछ। नेपालमा यस क्षेत्रको प्रभावकारी नियमन, अनुगमन, तथा विश्लेषणको कार्य नियमनकारी निकाय नेपाल बीमा प्राधिकरणले गर्दछ।

नेपाली बीमा बजारमा आ.व. २०८१/८२ को जेठ मसान्तसम्म ३७ वटा बीमा कम्पनी सञ्चालनमा रहेका छन्। कार्य प्रकृतिको आधारमा १४ जीवन बीमा, १४ निर्जीवन बीमा, ७ लघुबीमा (३ जीवन लघुबीमा र ४ निर्जीवन लघुबीमा) र २ पुनर्बीमा कम्पनीले व्यवसाय गर्दै आइरहेका छन्। त्यसैगरी, नेपालको कुल गार्हस्थ्य उत्पादनमा बीमाको योगदान बढ्दो क्रममा रहेको छ। साथै, बीमा ऐन, २०७९ ले निर्देशित गरेको कार्य क्षेत्र भित्र रही प्राधिकरणले आफ्नो काम कार्यवाही गर्दै आएको छ।

बीमा क्षेत्रमा मुख्य तथ्यांकहरुको विश्लेषणले बीमा क्षेत्रमा भएको प्रगति, चुनौतीहरू, तथा नीतिगत आवश्यकताहरूको पहिचान गर्न सहयोग पुऱ्याउँछ। यस मासिक तथ्यांक संस्करण मार्फत बीमा पहुँच, बीमकहरूको वित्तीय अवस्था, दाबी, बीमालेख संख्या, बीमाशुल्क संकलन लगायतका प्रमुख सुचकहरुको अध्ययन गरिएको छ।

यो विश्लेषण बीमा क्षेत्रको पारदर्शिता, जवाफदेहिता, तथा नीतिनिर्माणका लागि आधार हुनेछ साथै, बीमकहरु, नीति निर्माता, अनुसन्धानकर्ता, र आम सर्वसाधारणलाई उपयोगी जानकारी प्रदान गर्ने उद्देश्यले तयार पारिएको छ।

नेपाली बीमा बजार

आ.व. २०८१/८२ को जेठ मसान्तसम्ममा बीमाक्षेत्रको सुचकाङ्कहरुको अवस्था देहाय बमोजिम रहेका छन्।

१. बीमालेख संख्या

सूचक	२०८१ असार मसान्तसम्ममा	२०८२ असार मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमालेख संख्या *(म्यादि, लघु म्यादि र वैदेशिक रोजगार जीवन बीमालेख बाहेक)*	५,८२९,७२४	५,७७५,३०५	(०.९३)
म्यादि र लघु म्यादि जीवन बीमालेख संख्या	५,९८२,७२६	७,२६९,३८१	२१.५१
वैदेशिक रोजगार बीमालेख संख्या	२,०६९,०४२	२,५८६,३१३	२५.००
कुल सक्रिय जीवन बीमालेख संख्या	**१३,८८१,४९२**	**१५,६३०,९९९**	**१२.६०**
कुल जारी जीवन बीमालेख संख्या	**६,५८३,३३०**	**७,०४६,५८०**	**७.०४**
कुल जारी निर्जीवन बीमालेख संख्या	**२,९०१,६४०**	**३,२४४,३८३**	**११.८१**

चालु आ.व २०८१/८२ को असार मसान्तसम्ममा जीवन र लघुजीवन बीमा कम्पनीहरुबाट ७० लाख ४६ हजार ५८० वटा बीमालेख जारी भएका छन् भने निर्जीवन र लघु निर्जीवन बीमा कम्पनीहरुबाट जम्मा ३२ लाख ४४ हजार ३८३ वटा बीमालेख जारी भएका छन्। साथै, यस आ.व.को असार मसान्तसम्ममा १ करोड ५६ लाख ३० हजार ९९९ वटा

सक्रिय जीवन बीमालेख रहेका छन् जुन गत आ.व.को असार मसान्तको तुलनामा १२.३० प्रतिशतले वृद्धि भएको देखिन्छ।

२. बीमाशुल्क संकलन

रकम रु. लाखमा

सूचक	२०८१ असार मसान्तसम्ममा	२०८२ असार मसान्तसम्ममा	परिवर्तन %
प्रथम जीवन बीमाशुल्क संकलन रु.लाखमा	३४५,१८९.५१	४४५,१३०.२५	२८.९५
नविकरण जीवन बीमाशुल्क संकलन रु. लाखमा	१,२१९,८२३.०३	१,३७७,६०३.२२	१२.९३
कुल जीवन बीमाशुल्क संकलन रु.लाखमा	**१,५६५,०१२.५४**	**१,८२२,७३३.४८**	**१६.४७**
कुल निर्जीवन बीमाशुल्क संकलन रु.लाखमा	४१४,६६१.३०	४४९,१२६.०७	८.३१
जम्मा बीमाशुल्क संकलन रु. लाखमा	**१,९७९,६७३.८४**	**२,२७१,८५९.५४**	**१४.७६**

चालु आ.व २०८१/८२ को असार मसान्तसम्ममा रु. २ खर्ब २७ अर्ब १८ करोड ५९ लाख बीमाशुल्क संकलन भएको छ जुन गत आ.व.को असार मसान्तको तुलनामा १४.७६ प्रतिशत वृद्धि हो। त्यसैगरी, गत आ.व. को असार मसान्तको तुलनामा चालु आ.व को असार मसान्तसम्ममा जीवन तथा लघुजीवन बीमा तर्फ बीमाशुल्क संकलन १६.४७ प्रतिशतले बृद्धि भई रु. १ खर्ब ८२ अर्ब २७ करोड ३३ लाख रहेको छ भने निर्जीवन तथा लघु निर्जीवन बीमा तर्फ ८.३१ प्रतिशतले बृद्धि भई रु. ४४ अर्ब ९१ करोड २६ लाख बीमाशुल्क संकलन भएको छ।

३. बीमा दावी भुक्तानी विवरण

रकम रु. लाखमा

सूचक	२०८१ असार मसान्तसम्ममा	२०८२ असार मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा दाबी भुक्तानी संख्या	**२७४,३६६**	**३९१,१३५**	४२.५६
जीवन बीमा दाबी भुक्तानी रकम	**४८०,४२८.९५**	**६५८,०८९.१४**	३६.९८
भुक्तानी हुन वाँकी दाबी संख्या *(जीवन)*	**९३,७९७**	**८८,९८१**	(५.१३)
भुक्तानी हुन वाँकी दाबी रकम *(जीवन)*	**७८,७७८.३५**	**७४,८९०.४८**	(४.९४)
निर्जीवन बीमा दाबी भुक्तानी संख्या	**१५३,०९०**	**१५०,६३९**	(१.६०)
निर्जीवन बीमा दाबी भुक्तानी रकम	**१७९,५०३.६१**	**२५२,५९६.१७**	४०.७२
भुक्तानी हुन वाँकी दाबी संख्या *(निर्जीवन)*	**७७,६११**	**९६,३८१**	२४.१८
भुक्तानी हुन वाँकी दावी रकम *(निर्जीवन)*	**१९२,०४६.५९**	**२५०,७९२.३२**	३०.५९

चालु आ.व २०८१/८२ को असार मसान्तसम्म जीवन बीमकहरुले भुक्तानी गरेको दाबीको संख्या ३ लाख ९१ हजार १३५ रहेको छ जस अन्तर्गत रु. ६५ अर्ब ८० करोड ८९ लाख भुक्तानी भएको छ। गत आ.व.को असार मसान्तसम्मको

तुलनामा दाबी भुक्तानी संख्या र रकममा ४२.५६ प्रतिशत र ३६.९८ प्रतिशत वृद्धि भएको देखिन्छ। साथै, ८८ हजार ९८१ वटा दाबी अन्तर्गतको रु. ७ अर्ब ४८ करोड ९० लाख भुक्तानी हुन बाँकी नै रहेको छ।

त्यसैगरी, निर्जीवन बीमकहरुबाट चालु आ.व २०८१/८२ को असार मसान्तसम्ममा कुल १ लाख ५० हजार ६३९ वटा दाबी भुक्तानी भएको छ जस अन्तर्गत रु २५ अर्ब २५ करोड ९६ लाख भुक्तानी भएको छ भने, ९६ हजार ३८१ वटा दाबी संख्या अन्तर्गत कुल रु २५ अर्ब ०७ करोड ९२ लाख भुक्तानी हुन बाँकी रहेको छ। गत आ.व.को असार मसान्तसम्मको तुलनामा दाबी भुक्तानी संख्यामा १.६० प्रतिशत कमी आएको देखिएता पनि दाबी रकममा ४०.७२ प्रतिशत प्रतिशत वृद्धि भएको देखिन्छ।

४. जीवन बीमाको पहुँच

सूचक	२०८१ असार मसान्तसम्ममा	२०८२ असार मसान्तसम्ममा
बीमाको दायरामा आएको जनसंख्या प्रतिशतमा *(म्यादि, लघु म्यादि र बैदेशिक रोजगार जीबन बीमालेख बाहेक)*	१८.०३	१७.७०
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि र लघु म्यादि जीवन बीमालेख सहित)*	३६.५३	३९.९९
बीमाको दायरामा आएको जनसंख्या प्रतिशत *(म्यादि,लघुम्यादि र बैदेशिक रोजगार जीवन बीमालेख सहित)*	**४३.२७**	**४८.३३**

१. राष्ट्रिय तथ्याङ्क कार्यालयले वि.स. २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको वृद्धि प्रतिशतका आधारमा यस महिनासम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गरिएको।

राष्ट्रिय तथ्यांक कार्यालयले प्रकाशित गरेको २०७८ सालको जनगणनाको प्रतिवेदनमा प्रकाशित जनसंख्याको बृद्धि प्रतिशतका आधारमा चालु आ.व को असार मसान्तसम्मको जनसंख्या प्रक्षेपण गरी बीमाको दायरा गणना गर्दा ४८.३३% जनसंख्यामा बीमाको पहुँच पुगेको छ भने ५१.६७% जनसंख्या बीमाको पहुँच बाहिर रहेको देखिन्छ।

५. समर्पण तथा व्यतित विवरण

रकम रु. लाखमा

सूचक	२०८१ असार मसान्तसम्ममा	२०८२ असार मसान्तसम्ममा	परिवर्तन %
समर्पण संख्या	१११,३३६	१०८,२३८	(२.७८)
समर्पण रकम	१३५,७६९.९०	१५१,५२१.९६	११.६०
व्यतित बीमालेखको संख्या	१,१५८,२९९	१,२४३,३६५	७.३४
व्यतित बीमालेखको रकम	३४०,३७१.३८	३५०,१७७.६६	२.८८

चालु आ.व २०८१/८२ को असार मसान्तसम्ममा १ लाख ८ हजार २३८ वटा जिवन बीमालेख समर्पण भएका छन् जस अन्तर्गत रु १५ अर्ब १५ करोड २१ लाख समर्पण रकम रहेको छ। त्यसैगरी, १२ लाख ४३ हजार ३६५ बीमालेख व्यतित भएकाछन् भने व्यतित बीमालेखको रकम रु ३५ अर्ब १ करोड ७७ लाख रहेको छ।

६. बीमकको शाखा कार्यालय तथा कर्मचारीको विवरण

सूचक	२०८१ असार मसान्तसम्ममा	२०८२ असार मसान्तसम्ममा	परिवर्तन %
जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,८३३	१,८३९	०.३३
निर्जीवन बीमा कम्पनीहरुको कार्यालय संख्या	१,१५१	१,१५५	०.३५
बीमा कम्पनीहरुको जम्मा कार्यालय संख्या	**२,९८४**	**२,९९४**	**०.३४**
जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,८५८	६,११३	४.३५
निर्जीवन बीमा कम्पनीहरुको कर्मचारी संख्या	५,८२७	६,१३८	५.३४
बीमा कम्पनीहरुको जम्मा कर्मचारी संख्या	**११,६८५**	**१२,२५१**	**४.८४**

चालु आ.व. २०८१/८२ को असार मसान्तसम्ममा जीवन बीमातर्फ १ हजार ८३९ र निर्जीवन बीमातर्फ १ हजार १५५ गरी जम्मा शाखा संख्या २ हजार ९९४ पुगेको छ भने जीवन बीमातर्फ ६ हजार ११३ र निर्जीवन बीमातर्फ ६ हजार १३८ गरी कुल १२ हजार २५१ जना कर्मचारी कार्यरत छन्।

७. बीमालेख अनुसार जारी जीवन बीमालेख संख्या

सूचक	२०८१ असार मसान्तसम्ममा (१)	जारी बीमालेख को हिस्सा प्रतिशत	२०८२ असार मसान्तसम्ममा (२)	जारी बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	२७३,३९४	४.१५	२८६,८७४	४.०७	**४.९३**
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	५०,०७५	०.७६	४१,३५४	०.५९	**(१७.४२)**
रुपान्तरित सावधिक जीवन बीमा	५५,०८७	०.८४	५७,५३४	०.८२	**४.४४**
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	१०२,७५०	१.५६	१२१,५५३	१.७२	**१८.३०**
वैदेशिक रोजगार म्यादि	७४४,१३०	११.३०	८३१,७५०	११.८०	**११.७७**
आजिवन जीवन बीमा	८,०२९	०.१२	६,३२७	०.०९	**(२१.२०)**

एकल बीमाशुल्क जीवन बीमा	१९,६४७	०.३०	२८,०५२	०.४०	४२.७८
म्यादि जीवन बीमा	२,४७०,८७६	३७.५३	१,०९०,५३२	१५.४८	(५५.८६)
लघु जीवन बीमा	२,८४९,८३०	४३.२९	४,५७२,६२३	६४.८९	६०.४५
अन्य जीवन बीमा	९,५१२	०.१४	९,९८१	०.१४	४.९३
जम्मा	६,५८३,३३०	१००.००	७,०४६,५८०	१००.००	७.०४

चालु आ.व. २०८१/८२ को असार मसान्तसम्ममा जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा लघु जीवन बीमाको ६४.८९ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा आजिवन बीमालेखको ०.०९ प्रतिशत रहेको छ। गत आ.व.को असार मसान्तसम्मको तुलनामा जारी बीमालेखको संख्यामा ७.०४ प्रतिशतले वृद्धि भएको छ।

८. सक्रिय जीवन बीमालेख संख्या

जीवन बीमालेख	२०८१ असार मसान्तसम्ममा (१)	सक्रिय बीमालेख को हिस्सा प्रतिशत	२०८२ असार मसान्तसम्म मा (२)	सक्रिय बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक जीवन बीमा	१,९८१,६४६	१४.२८	२,१६०,२२७	१३.८२	९.०१
अग्रिम भुक्तानी सावधिक जीवन बीमा	५३०,०४३	३.८२	४६०,४५०	२.९५	(१३.१३)
रुपान्तरित सावधिक जीवन बीमा	५३७,९१२	३.८८	५७९,८१३	३.७१	७.७९
बालबच्चा सम्बन्धि सावधिक जीवन बीमा	१,०८१,०९५	७.७९	१,०७३,५७८	६.८७	(०.७०)
वैदेशिक रोजगार म्यादि जीवन बीमा	२,०६९,०४२	१४.९१	२,५८६,३१३	१६.५५	२५.००
आजिवन जीवन बीमा	१७४,७९७	१.२६	१७७,१९२	१.१३	१.३७
एकल बीमाशुल्क जीवन बीमा	७६,२४५	०.५५	९८,२११	०.६३	२८.८१
म्यादि जीवन बीमा	३,७१२,३८६	२६.७४	३,४१९,५६७	२१.८८	(७.८९)
लघु जीवन बीमा	३,६०४,६३५	२५.९७	४,९५१,७१२	३१.६८	३७.३७
अन्य जीवन बीमा	११३,६९१	०.८२	१२३,९३६	०.७९	९.०१
जम्मा	१३,८८१,४९२	१००.००	१५,६३०,९९९	१००.००	१२.६०

चालु आ.व. २०८१/८२ को असार मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा म्यादि जीवन बीमाको २१.८८ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा एकल बीमालेखको ०.६३ प्रतिशत रहेको छ। गत आ.व. को असार मसान्तसम्मको तुलनामा चालु आ.व.को असार मसान्तसम्ममा सक्रिय बीमालेखको संख्यामा १२.६० प्रतिशत वृद्धि भएको छ।

९. प्रदेश अनुसार सक्रिय जीवन बीमालेख संख्या

प्रदेश	२०८१ असार मसान्तसम्ममा (१)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	२०८२ असार मसान्तसम्ममा (२)	सक्रिय बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१,१८३,५९४	८.५३	१,७४८,१७९	११.१८	४७.७०
मधेश	५९५,२७३	४.२९	६५०,६६१	४.१६	९.३०
बाग्मती	९,८३४,९९२	७०.८५	१०,१८१,८६०	६५.१४	३.५३
गण्डकी	५३३,८५१	३.८५	८५२,४०१	५.४५	५९.६७
लुम्बिनी	९९६,३७५	७.१८	१,०७४,३६६	६.८७	७.८३
कर्णाली	२११,८२६	१.५३	५४४,०७४	३.४८	१५६.८५
सुदुरपश्चिम	५२५,५८१	३.७९	५७९,४५८	३.७१	१०.२५
जम्मा	१३,८८१,४९२	१००.००	१५,६३०,९९९	१००.००	१२.६०

चालु आ.व. २०८१/८२ को असार मसान्तसम्ममा सक्रिय जीवन बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी सक्रिय बीमालेखको हिस्सा बागमती प्रदेशमा ६५.१४ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको ३.४८ प्रतिशत रहेको छ।

१०. जारी निर्जीवन बीमालेख संख्या

निर्जीवन बीमालेख	२०८१ असार मसान्तसम्ममा (१)	जारी बीमालेखको हिस्सा प्रतिशत	२०८२ असार मसान्तसम्ममा (२)	जारी बीमालेखको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति बीमा	४९७,४४२	१६.७१	४८६,६९९	१५.००	(२.१६)
सामून्द्रिक बीमा	३३६,४४४	११.३०	४१४,७५६	१२.७८	२३.२८
हवाई बीमा	१२७	०.००४	१३६	०.००४	७.०९
मोटर बीमा	१,६४५,९०६	५५.२९	१,५७४,४४८	४८.५३	(४.३४)
इन्जि. तथा ठे. जो. बीमा	३२,९७७	१.११	३९,१५६	१.२१	१८.७४

विविध बीमा	१६६,४०५	५.५९	१७६,३०५	५.४३	**५.९५**
कृषि तथा बाली बीमा	१५०,३४५	५.०५	१६१,०६३	४.९६	**७.१३**
लघु बीमा	१४७,४७०	४.९५	३९१,८२०	१२.०८	**१६५.६९**
जम्मा	२,९७७,११६	१००.००	३,२४४,३८३	१००.००	**८.९८**

चालु आ.व. २०८१/८२ को असार मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गर्दै आएका बीमालेखहरुको संख्याको आधारमा सबै भन्दा बढी हिस्सा मोटर बीमाको ४८.५३ प्रतिशत रहेको छ भने सबै भन्दा कम संख्यामा हवाई बीमालेख जारी भएका छन् जस्को हिस्सा ०.००४ रहेको छ। गत आ.व. को असार मसान्तसम्मको तुलनामा चालु आ.व.को असार मसान्तसम्ममा जारी बीमालेख संख्या ८.९८ प्रतिशत बृद्धि भएको छ।

११. प्रदेश अनुसार जारी निर्जीवन बीमालेख संख्या

प्रदेश	२०८१ असार मसान्तसम्ममा (१)	बीमालेख को हिस्सा प्रतिशत	२०८२ असार मसान्तसम्ममा (२)	बीमालेख को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	३७८,५५९	१२.७२	४२५,३९८	१३.११	**१२.३७**
मधेश	३२६,२६७	१०.९६	३५८,३४३	११.०५	**९.८३**
बाग्मती	१,२७९,५३६	४२.९८	१,४००,१५५	४३.१६	**९.४३**
गण्डकी	२९६,७९८	९.९७	३११,७२२	९.६१	**५.०३**
लुम्बिनी	४८२,०१८	१६.१९	५१९,१८३	१६.००	**७.७१**
कर्णाली	६२,६७१	२.११	६४,२९३	१.९८	**२.५९**
सुदुरपश्चिम	१५१,२६७	५.०८	१६५,२८९	५.०९	**९.२७**
जम्मा	२,९७७,११६	१००.००	३,२४४,३८३	१००.००	**८.९८**

चालु आ.व. २०८१/८२ को असार मसान्तसम्ममा निर्जीवन बीमकहरुले जारी गरेको बीमालेखहरुको संख्याको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४३.१६ प्रतिशत रहेको छ सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा १.९८ प्रतिशत रहेको छ।

१२. बीमालेखका आधारमा जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

जीवन बीमालेख	२०८१ असार मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८२ असार मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सावधिक	५९६,३०९.२५	३८.१०	६९५,०९१.१५	३८.१३	**१६.५७**
अग्रिम भुक्तानी सावधिक	३३९,०४४.६३	२१.६६	३६५,७०४.७९	२०.०६	**७.८६**
रुपान्तरित सावधिक	२०३,१६०.७४	१२.९८	२२३,९४३.७८	१२.२९	**१०.२३**
बालबच्चा सम्बन्धि सावधिक	२४१,३१७.८६	१५.४२	२७९,१०४.९२	१५.३१	**१५.६६**
बैदेशिक रोजगार म्यादि	३१,२६८.२४	२.००	३५,७४३.९३	१.९६	**१४.३१**
आजिबन	४३,६१९.५५	२.७९	४५,३३०.७३	२.४९	**३.९२**
एकल बीमाशुल्क	३६,९१८.३४	२.३६	९६,३२०.४५	५.२८	**१६०.९०**
म्यादि	१५,९१८.९८	१.०२	१६,५४०.६५	०.९१	**३.९१**
लघु	२८,३६७.९६	१.८१	३१,०४८.०३	१.७०	**९.४५**
अन्य	२९,०८७.००	१.८६	३३,९०५.०६	१.८६	**१६.५६**
जम्मा	१,५६५,०१३	१००.००	१,८२२,७३३	१००.००	**१६.४७**

चालु आ.व. २०८१/८२ को असार मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा सावधिक जीवन बीमालेखको ३८.१३ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा म्यादी बीमालेखको ०.९१ प्रतिशत रहेको छ। गत आ.व. को असार मसान्तसम्मको तुलनामा चालु आ.व.को असार मसान्तसम्ममा जीवन बीमातर्फ कुल बीमाशुल्क संकलन १६.४७ प्रतिशतले बृद्धि भएको छ।

१३. प्रदेश अनुसार कुल जीवन बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८१ असार मसान्तसम्ममा (१)	बीमाशुल्कको हिस्सा प्रतिशत	२०८२ असार मसान्तसम्ममा (२)	बीमाशुल्कको हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	१९०,५००.८५	१२.१७	२२३,२७४.२१	१२.२५	**१७.२०**
मधेश	१४०,१२८.६९	८.९५	१६३,१४५.७८	८.९५	**१६.४३**

बाग्मती	६९६,१२१.८२	४४.४८	८००,३४९.७८	४३.९१	१४.९७
गण्डकी	१५८,०९२.०९	१०.१०	१८४,५११.६०	१०.१२	१६.७१
लुम्बिनी	२४३,९६३.७७	१५.५९	२८७,१०३.८३	१५.७५	१७.६८
कर्णाली	४२,६२६.३९	२.७२	५२,४७३.२८	२.८८	२३.१०
सुदुरपश्चिम	९३,५७८.९३	५.९८	१११,८७५.०१	६.१४	१९.५५
जम्मा	१,५६५,०१२.५४	१००.००	१,८२२,७३३.४८	१००.००	१६.४७

चालु आ.व. २०८१/८२ को असार मसान्तसम्ममा जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी हिस्सा बागमती प्रदेशमा ४३.९१ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशमा २.८८ प्रतिशत रहेको छ।

१४. निर्जीवन बीमामा कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

निर्जीवन बीमालेख	२०८१ असार मसान्तसम्ममा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८२ असार मसान्तसम्ममा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
सम्पत्ति	९१४.३१	२५.००	१,०१३.१२	२५.४०	१०.८१
सामून्द्रिक	१७९.४८	४.९१	२३२.११	५.८२	२९.३२
हवाई	२४८.३८	६.७९	२२६.५८	५.६८	(८.७८)
मोटर	१,०९५.७४	२९.९६	१,१७४.५१	२९.४५	७.१९
इन्जि. तथा ठे. जो.	६२२.९३	१७.०३	६९०.४०	१७.३१	१०.८३
विविध	३९०.१३	१०.६७	४१४.३७	१०.३९	६.२१
कृषि तथा बाली	१८०.२८	४.९३	१५०.८२	३.७८	(१६.३४)
लघु	२५.६५	०.७०	८६.४८	२.१७	२३७.११
जम्मा	३,६५६.९१	१००.००	३,९८८.४१	१००.००	९.०६

चालु आ.व. २०८१/८२ को असार मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कमा सबै भन्दा बढी हिस्सा मोटर बीमालेखको २९.४५ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा लघु बीमालेखको २.१७ प्रतिशत भएको छ। गत आ.व. को असार मसान्तसम्मको तुलनामा चालु आ.व.को असार मसान्तसम्ममा कुल बीमाशुल्क संकलन ९.०६ प्रतिशतले बृद्धि भएको छ।

१५. प्रदेश अनुसार निर्जीवन कुल बीमाशुल्क संकलन

रकम रु. लाखमा

प्रदेश	२०८१ असार मसान्तसम्म मा (१)	बीमाशुल्क को हिस्सा प्रतिशत	२०८२ असार मसान्तसम्म मा (२)	बीमाशुल्क को हिस्सा प्रतिशत	(१) देखि (२) परिवर्तन %
कोशी	३५,६४५.२०	८.६०	३९,७६४.३१	८.८५	**११.५६**
मधेश	२६,६०६.८४	६.४२	२९,८२१.९०	६.६४	**१२.०८**
बाग्मती	२७६,६१५.८७	६६.७१	३०१,९३५.६२	६७.२३	**९.१५**
गण्डकी	२१,८७५.५२	५.२८	२२,४१४.४५	४.९९	**२.४६**
लुम्बिनी	३६,५२९.४४	८.८१	३९,०७५.७९	८.७०	**६.९७**
कर्णाली	६,८६१.९७	१.६५	४,४९४.४८	१.००	(३४.५०)
सुदुरपश्चिम	१०,५२६.४६	२.५४	११,६१९.५२	२.५९	**१०.३८**
जम्मा	४१४,६६१.३०	१००.००	४४९,१२६.०७	१००.००	**८.३१**

चालु आ.व. २०८१/८२ को असार मसान्तसम्ममा निर्जीवन बीमकहरुले संकलन गरेको कुल बीमाशुल्कको आधारमा प्रदेशगत तुलना गर्दा सबै भन्दा बढी बीमाशुल्क संकलनको हिस्सा बागमती प्रदेशको ६७.२३ प्रतिशत रहेको छ भने सबै भन्दा कम हिस्सा कर्णाली प्रदेशको १ प्रतिशत रहेको छ।

१६. उजुरी दर्ता तथा फछ्यौंट

विवरण		आर्थिक वर्ष	
		२०८०/८१	२०८१/८२
गत वर्षको निवेदन बाँकी संख्या		१९२	२८७
यस वर्षको निवेदन संख्या	केन्द्रीय कार्यालयमा	१५९	१४४
	प्रदेश कार्यालयमा	८५	९१
	कुल दर्ता	२४४	२३५
पुनरावेदनबाट आएका मुद्दाको संख्या		१	३
जम्मा निवेदन		**४३७**	**५२५**
फैसला/सहमति भएका मुद्दा संख्या	फैसला	१०१	८५
	सहमति	४९	४६
	जम्मा फछ्यौंट	१५०	१३१
बाँकी संख्या		**२८७**	**३९४**

चालु आ.व. २०८१/८२ को असार मसान्तसम्ममा केन्द्रीय कार्यालयमा १४४ र प्रदेश कार्यालयमा ९१ गरी प्राधिकरणमा कुल दर्ता भएका २३५ वटा उजुरी, गत वर्षको बाँकी २८७ वटा निवेदन र पुनरावेदनबाट आएका ३ वटा मुद्दा गरी कुल ५२५ वटा उजुरी प्राप्त भएको छ जसमध्ये ८५ वटा उजुरी मुद्दा फैसलाबाट र ४६ वटा उजुरी सहमतीबाट गरी कुल १३१ वटा उजुरी फछ्र्यौट भएका छन् भने ३९४ वटा उजुरी फछ्र्यौट हुन बाँकीनै रहेको छ।

१७. स्थलगत निरिक्षण

निरिक्षण	जीवन	निर्जीवन	पुनर्बीमा	लघु जीवन	लघु निर्जीवन	जम्मा
नियमित निरीक्षण	७	२३	०	३	०	**३३**
आकस्मिक निरीक्षण	५	४	२	१	०	**१२**
AML/CFT सम्बन्धी	१३	०	०	०	०	**१३**
जम्मा निरीक्षण	**२५**	**२७**	**२**	**४**	**०**	**५८**

आ.व २०८१/८२ असार मसान्तसम्ममा प्राधिकरणको केन्द्रीय कार्यालय बाट जीवन बीमकमा ७, निर्जीवन बीमकमा २३, र लघु जीवन बीमकमा ३ गरी कुल ३३ वटा नियमित स्थलगत निरीक्षण गरिएको छ भने १२ वटा आकस्मिक निरीक्षण गरिएको छ। साथै, १३ वटा जीवन बीमकहरुमा AML/CFT सम्बन्धी निरीक्षण समेत सम्पन्न भएको छ।

१८.जोखिममा आधारित सुपरिवेक्षण

प्राधिकरणले हाल बीमकको जोखिममा आधारित सुपरिवेक्षण कार्य समेत सुरुवात गरेको छ। आ.व २०८१/८२ को असार मसान्तसम्ममा ३ वटा जीवन बीमक र एउटा निर्जीवन बीमक गरी कुल ४ वटा बीमकहरूमा जोखिममा आधारित सुपरिवेक्षण सम्पन्न भएको छ भने अन्य बीमकहरूमा क्रमशः सुपरिवेक्षण गर्नका लागि प्रारम्भिक छलफल समेत भएको छ।

१९.बीमाङ्कीय मूल्याङ्कन स्वीकृती र सल्भेन्सी अनुपात

प्राधिकरणले आ.व २०८१/८२ को असार मसान्तसम्ममा स्वीकृत गरेको बीमांकीय मुल्यांकन प्रतिवेदनको विवरण देहाय बमोजिम रहेको छ।

बीमकको प्रकार	स्वीकृत	स्वीकृत हुन बाँकी	जम्मा
जीवन बीमक	१३	१	**१४**
निर्जीवन बीमक	१२	२	**१४**
लघु जीवन बीमक	३	०	**३**
पुनर्बीमक	१	१	**२**
जम्मा	**२९**	**४**	**३३**

आ.व २०८१/८२ को असार मसान्तसम्ममा प्राधिकरणले स्वीकृत गरेको बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदनका आधारमा जीवन बीमक तथा लघु जीवन बीमकहरुको सल्भेन्सी अनुपातको विवरण देहाय बमोजिम रहेको छ।

क्र.स	बीमक	न्यूनतम तोकिएको अनुपात	सल्भेन्सी अनुपात
१	नेशनल लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड	१.३	१.३४३
२	नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लि.		१.४४९
३	लाइफ इन्स्योरेन्स कर्पोरेशन (नेपाल) लिमिटेड		१.४५६
४	मेट लाइफ अलिको.		२.७००
५	एशियन लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड		१.३६०
६	आइ.एम.ई. लाईफ इन्स्योरेन्स कम्पनी लिमिटेड		२.२२८
७	रिलायबल नेपाल लाइफ इन्स्योरेन्स लिमिटेड		३.६१०
८	सिटिजन लाईफ इन्स्योरेन्स लिमिटेड		३.४१७
९	सूर्यज्योति लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड		२.४६७
१०	सानिमा रिलायन्स लाइफ इन्स्योरेन्स लि.		१.४६२
११	हिमालयन लाइफ इन्स्योरेन्स लिमिटेड		१.८४६
१२	प्रभु महालक्ष्मी लाइफ इन्स्योरेन्स लिमिटेड		१.९६३
१३	सन नेपाल लाइफ इन्स्योरेन्स कम्पनी लिमिटेड		२.६३९
१४	लिबर्टी माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड	१.५	२.०००
१५	गार्डियन माइक्रो लाइफ इन्स्योरेन्स लिमिटेड		१.९७०
१६	क्रेस्ट माइक्रो लाइफ इन्स्योरेन्स		१.९७०

आ.व २०८१/८२ को असार मसान्तसम्ममा प्राधिकरणले स्वीकृत गरेको बीमाङ्कीय मूल्याङ्कन प्रतिवेदनका आधारमा निर्जीवन बीमकहरु र पुनर्बीमकको सल्भेन्सी अनुपातको विवरण देहाय बमोजिम रहेको छ।

क्र.स	बीमक	न्यूनतम तोकिएको अनुपात	सल्भेन्सी अनुपात
१	प्रभु इन्स्योरेन्स लिमिटेड	१.३	४.६६३
२	नेपाल इन्स्योरेन्स कम्पनी लिमिटेड		४.३३६
३	दि ओरियन्टल इन्स्योरेन्स कम्पनी लिमिटेड		२.६५९
४	नेको इन्स्योरेन्स लिमिटेड		३.८४५
५	शिखर इन्स्योरेन्स कम्पनी लिमिटेड		२.६०२
६	एनएलजी इन्स्योरेन्स कम्पनी लिमिटेड		३.४२४
७	हिमालयन एभरेष्ट इन्स्योरेन्स लिमिटेड		३.३२४
८	सानिमा जिआईसी इन्स्योरेन्स लिमिटेड		२.६२८

९	सगरमाथा लुम्बिनी इन्स्योरेन्स कम्पनी लिमिटेड		२.७५७
१०	सिद्धार्थ प्रिमियर इन्स्योरेन्स लिमिटेड		३.१८८
११	युनाइटेड अजोड इन्स्योरेन्स लिमिटेड		२.७३३
१२	आइजिआई प्रुडेन्सीयल इन्स्योरेन्स लिमिटेड		३.४२७

क्र.स	पुनर्बीमक	न्यूनतम तोकिएको अनुपात	सल्भेन्सी अनुपात
१	हिमालयन रि	१.३	३.५२१

२०. स्वीकृत वित्तिय विवरण

आ.व २०८१/८२ को असार मसान्तसम्ममा प्राधिकरणले स्वीकृत गरेको बीमकहरुको वित्तिय विवरणको विवरण देहाय बमोजिम रहेको छ।

बीमकको प्रकार	स्वीकृत बीमक संख्या	स्वीकृत हुन बाँकी बीमकको संख्या	जम्मा
जीवन बीमक	१२	२	**१४**
निर्जीवन बीमक	१२	२	**१४**
लघु जीवन बीमक	३	०	**३**
लघु निर्जीवन बीमक	४	०	**४**
पुनर्बीमक	१	१	**२**
जम्मा	**३२**	**५**	**३७**

२१. बीमालेख स्वीकृति

आ.व २०८१/८२ को असार मसान्तसम्ममा प्राधिकरणबाट जीवन र निर्जीवन गरी कुल ३५ वटा नयाँ बीमालेख स्वीकृत भएका छन् भने प्राधिकरणले १ वटा कृषि बीमालेख र २ वटा लघु निर्जिवन बीमालेख समेत निर्माण गरी जारी गरेको छ। त्यसै गरी हाल प्रचलनमा रहेका बीमालेखहरू आवश्यकतानुसार संशोधन समेत भएका छन्। आ.व २०८१/८२ को असार मसान्तसम्ममा प्रचलनमा आएका नयाँ बीमालेखको विवरण देहाय बमोजिम रहेको छ।

बीमालेखको प्रकार	आ.व.०८१/८२ मा स्वीकृत भएका बीमालेखको संख्या
जीवन बीमालेख	२०
निर्जीवन बीमालेख	९
कृषि बीमालेख	१
लघु जीवन बीमालेख	६
लघु निर्जिवन बीमालेख	२
जम्मा बीमालेख	**३८**

२२. बीमा प्रवर्द्धन तथा सचेतनामूलक कार्यक्रम

प्राधिकरणले विगतका वर्षमा जस्तै यस वर्ष पनि केन्द्रीय कार्यालय तथा प्रदेश कार्यालयबाट प्रदेश सरकार, स्थानिय तह, विद्यार्थीहरु, उद्योग वाणिज्य संघ, आर्थिक पत्रकार लगायत विभिन्न सरोकारवाला निकायसँग बीमा सचेतना सम्बन्धी अन्तरक्रिया कार्यक्रम संचालन गरेको छ। यस आ.व.मा प्राधिकरणले प्रदेश सरकारसँग ६ वटा अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ भने स्थानीय सरकारसँग देहाय बमोजिमको अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ।

अन्तर्क्रिया गर्ने कार्यालय	अन्तरक्रिया सम्पन्न भएका पालिकाको संख्या
केन्द्रीय कार्यालय	२३
कोशी प्रदेश कार्यालय	२०
मधेश प्रदेश कार्यालय	१८
लुम्बिनी प्रदेश कार्यालय	२०
गण्डकी प्रदेश कार्यालय	२५
कर्णाली प्रदेश कार्यालय	२०
सुदुर पश्चिम प्रदेश कार्यालय	२०
जम्मा संख्या	**१४६**

तयार:
प्रकाशन उपसमिति
नेपाल बीमा प्राधिकरण